# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# रेड कार्यान्वयन केन्द्र
# बबरमहल

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३)तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको रेड कार्यान्वयन केन्द्रसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

*सूचना सार्वजनिक गरेको अवधिः- २०७५/०८/०१-२०७५/०१/२९*

## विषयसूची


१ केन्द्रको स्वरुप र प्रकृति ........ 3

२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ 3

३ केन्द्रबाट प्रदान गरिने सेवा ........ 5

४ सम्पादन गरेको कामको विवरण ........ 5

५ सूचना अधिकारी र प्रमुखको नाम ........ 6

६ केन्द्रको बजेट सम्बन्धी विवरण ........ 6

७ रेड कार्यान्वयन केन्द्रको खर्च सम्बन्धी विवरण ........ 6

८ रेड कार्यान्वयन केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ........ 6

चित्र नं. १ ........ 7

रेड कार्यान्वयन केन्द्रको संगठनात्मक संरचना ........ 7

# सूचनाको हकसम्बन्धी ऐन् २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

*सूचना सार्वजनिक गर्ने निकायको नामः- रेड कार्यान्वियन केन्द्र*

## १ केन्द्रको स्वरुप र प्रकृति

नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत छुट्टै संरचना निमार्ण गरिएको छ (चित्र नं. १)। रेडसंग सम्बन्धित बहुसरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गराउनुको लागि उच्च तहमा वन तथा वातावरण मन्त्रालयको माननीय वन तथा वातावरण मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका प्रतिनिधिहरु सदस्य रहने गरी बहुपक्षिय, बहुसरोकारवाला, उच्चस्तरीय समन्वय समिति रहेको छ । यस संरचनाको मुख्य उद्देश्यहरु रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक वित्त एवंम् अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ ।

दोस्रो तहमा वन तथा वातावरण मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा रेड कार्य समूह रहेको छ । यस समूहमा नेपाल सरकारको तर्फबाट ९ जना, विकास साझेदारके तर्फबाट १ जना, नागरिक समाजको तर्फबाट ६ जना गरी जम्मा १६ जना सदस्यहरु रहेका छन् ।यस समूहको मुख्य उद्देश्य रेड कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने रहेको छ ।

रेड प्लसको दैनिक प्रशासनिक कार्यहरु सञ्चालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ । यस केन्द्रमा बजेट तथा कार्यक्रम शाखा, जलवायु व्यवस्थापन शाखा, दुर संवेदन तथा भू-सूचना प्रणाली शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रमा १३ कर्मचारीहरुको दरवन्दी रहेको छ।नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी रेड कार्यान्वयन केन्द्रको रहेको छ ।

## २ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रको शाखाहरु देहाय अनुसार रहेका छन् ।

१. बजेट तथा कार्यक्रम शाखा,
२. जलवायु व्यवस्थापन शाखा,
३. दुर संवेदन तथा भू-सूचना प्रणाली शाखा र
४. आर्थिक तथा प्रशासन शाखा

**कार्य विवरण :**

- रेड कार्यान्वयनको लागि सम्पादित विलेषणात्मक अध्ययनहरुलाइ समन्वय गर्ने र अध्ययन टोलीहरुको प्रगतीलाइ नियमित अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने ।
- राष्ट्रिय रेड रणनीति र रेड कार्यान्वन योजना तर्जुमा गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- दातृ निकाय एवम् सहयोगी निकायसँग समन्वय एवम् सञ्चार गर्ने र सोको जानकारी नियमित रुपमा प्रमुखलाइ गराउने ।
- रेड तथा जलवायु परिवर्तनसँग सम्बन्धित सेव प्रदायक तथा विज्ञहरुको Time Sheet अध्याविधक गर्ने ।

- वन, कार्वन व्यापारसँग सम्बन्धित आर्थिक, सामाजिक र नीतिगत सवालहरुमा गरिने अध्ययन, अनुसन्धान गर्ने गराउने ।
- कार्वन सञ्चितिकरण गर्ने, गराउने कार्यलाइ सस्थागत गर्न Carbon Emission Baseline तयार गर्ने,
- NAPA मा समसामयिक सशोधनका लागि योगदान पुर्याउने ।
- जलवायु परिवर्तनबाट आउने नकारात्मक प्रभावहरुलाइ न्यूनीकरण सम्बन्धी कार्य गर्ने, गराउने ।

## २.१ जलवायु व्यवस्थापन शाखा

- जलबायु परिवर्तन समानुकुलन सम्बन्धि आयोजनाको सँचपत्रहरु तयार गर्न केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- परिस्थितिक तथा समुदायमा आधारित समानुकुलन सम्बन्धि कार्यक्रम बारे सोचपत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित समानुकुलन कार्यक्रमको सम्पर्क अधिकृतको रुपमा रही समन्वय गर्ने ।
- नमूना परिक्षणका रुपमा कार्यान्वियन भइरहेको समानुकुलन कार्यक्रमहरुको विवरण अद्याविधक गरी प्रतिवेदन तयार गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

## २.२ बजेट तथा कार्यक्रम शाखा

- REDD कार्यान्वियनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको कार्यक्रम तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालिन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरी तोकिएको समय भित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदि बारे कार्यक्रम स्वीकृत गराइ कार्यान्वियन गर्ने ।
- कार्यक्रम/आयोजनाको चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाइ पठाउनु पर्ने प्रगती विवरणहरु समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।

  प्रमुखबाट स्वीकृत प्राप्त भए पश्चात शाखाबाट सम्वन्धित निकायमा पठाउने ।
- MRT, ER-PIN र R-Package तयार गर्ने कार्यमा यस एकाइबाट सहयोग निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतीको जानकारी प्रमुखलाइ गराउने ।
- E-PP कार्यान्वियनको चरणमा गर्ने पर्ने प्रचार प्रसार एवम् क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड नमूना परिक्षणबाट प्राप्त भएका सिकाइ र अभ्यासहरुको जानकारी /विवरण सङ्कलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड नमूना परिक्षण सम्बन्धि विवरण अध्यावधिक गरी Website मा Upload गर्न सहयोग गर्ने ।
- रेड सम्बन्धि प्रचार प्रसार सामाग्रीहरु तयारी तथा उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- यस एकाइको Outreach Plan तयार गरि सोको कार्यान्वियन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वियनको रुपरेखा तयार गरि प्रमुख समक्ष पेश गर्ने ।
- रेड कार्य समुह र बहु सरोकारवालाहरुको बैठक /गोष्ठीको लागि आवश्यक पर्ने तयार गर्ने र भएको निर्णय एवम् छलफलका बुँदाहरु टिपोट गरि प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### २.३ दुर सम्वेदन तथा भूसूचना प्रणाली शाखा

- यस शाखाबाट MRV सँग सम्बन्धित अध्ययन कार्य गर्ने सेवा प्रदायकदाइ सहजिकरण गर्ने एवम् विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- REDD कार्यान्वियनको लागि आवश्यक पर्ने कार्वन मापन , अनुगमन प्रतिवेदन प्रमाणिकरणसँग सम्बन्धित विषय बस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भइ अभिलेख अद्यावधिक गर्ने ।
- कार्वन मापन र आकलन गर्ने सम्बन्धि सञ्चालित Piloting कार्यलाइ REDD Cell को तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययन कार्यमा सलग्न सेवा प्रदायकसँग Focal Officer को रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यकी मासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गरी एकाइ प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयार सम्बन्धि नविनतम प्राबिधिक ज्ञानबारे अध्ययन /अनुसन्धान गरी सहकर्मी वीच Sharing गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम , गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराइ कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### २.४ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयकै सोधभर्ना माग गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- बेरुजुको लगत राखि फछ्यौंट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## ३ केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट निम्न सेवाहरु प्रदान गरिन्छ ।

- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यपारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।
- माथि उल्लेखित कार्य विवरण अनुरुप कार्यहरु गरी सेवा प्रदान गर्ने ।

## ४ सम्पादन गरेको कामको विवरण

- नेपालको राष्ट्रिय वन आधार तह (National Reference Level) संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धि अभिसन्धिको रेड प्लेटफर्ममा प्रकाशित भएको ।

- वन लगानी योजना (Forest Investment Plan) तयार गरी विश्व बैंकको जलबायु लगानी कोषमा पेश गरेकोमा बि.स. २०७४ मंसिर २६ देखी २७ मा विश्व बैंकको प्रधान कार्यालय वाशिङटन डि.सी.मा बसेको जलबायु लगानी कोषको बैठकले उक्त लगानी योजना स्विकृत गरेको थियो ।
- राष्ट्रिय रेडप्लस रणनीति (National REDD+ Strategy) मा. मन्त्रीस्तरको मिति २०७५।०१।०६ को निर्णयअनुसार स्विकृत भएको ।
- तराई भुपरिधि क्षेत्रका १२ जिल्लाका लागि कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document-ERPD) कार्वन कोषको पोर्टफोलियो मा समाबिष्ट गरिएको ।
- रेड प्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD+ Program) सम्बन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार भई विश्व बैकंमा पेश भएको ।
- रेडसँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणाको क्षमता अभिवृद्धि कार्यक्रम ।
- समुदायमा आधारित दिगो वन व्यवस्थापन योजना तयारी ।
- रेड फोकल पर्सन तथा सरोकारवालाहरुको लागि प्राविधिक क्षमता अभिवृद्धि कार्यक्रम ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयारी भएको ।

## ५ सूचना अधिकारी र प्रमुखको नाम

- केन्द्र प्रमुखः राधा वाग्ले, सह सचिव (प्रा.)
- सूचना अधिकारीः सृजना श्रेष्ठ, उप-सचिव (प्रा.), जलवायु व्यवस्थापन शाखा

## ६ केन्द्रको बजेट सम्बन्धी विवरण

रेड कार्यान्वयन केन्द्रको ब.उ.शि.न.३२९१२३३ को आ.व.२०७५/०७६ चालु खर्च तर्फ विनियोजित कुल बजेट ३३,०६,००,०००।- र ब.उ.शि.न. ३२९१२३४ को आ.व.२०७५/०७६ पूँजिगत खर्च तर्फ विनियोजित कुल बजेट ७१,००,०००।- रहेको छ । जस मध्ये नेपाल सरकारको रु १,०१,००,०००।– वैदेशिक अनुदान रु ३२,७६,००,०००।– रहेको छ ।

## ७ रेड कार्यान्वयन केन्द्रको खर्च सम्बन्धी विवरण (आर्थिक वर्ष २०७४/७५ को २०७५ साल माघ महिना सम्म)

| चालु तर्फ (खर्च प्रतिशत) | | पूँजीगत तर्फ (खर्च प्रतिशत) | |
|---|---|---|---|
| **नेपाल सरकार** | **बैदेशिक अनुदान** | **नेपाल सरकार** | **बैदेशिक अनुदान** |
| ३४८०८७६।८० | १४२७६९३३।४० | ०।०० | २४८११२ |

## ८ रेड कार्यान्वयन केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस केन्द्रका सूचनाहरु समय समयमा केन्द्रको website http://redd.gov.np/ मा राख्ने गरिएको तथा विभिन्न पुस्तक, पोस्टर, ब्रोसरका रुपमा प्रकाशित गर्ने गरिएको छ।

## चित्र नं. १

**रेड कार्यान्वयन केन्द्रको हालको संगठनात्मक संरचना**

